Janak Bhandari & Associates

NEPAL INTELLECTUAL PROPERTY ATTORNEYS

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौं, नेपाल

त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्याः २०८२/८३

## ट्रेडमार्क सम्बन्धी पुन: सूचना

सूचना प्रकाशन मितिः २०८२/११/१७

सम्वत् २०८२ साल भाद्र २४ गते भएको आगजनी, तोडफोडबाट विभागको औद्योगिक सम्पत्ति शाखामा रहेका भौतिक फाइलहरु जलेर नष्ट भएकोले ट्रेडमार्क दर्ता तथा नवीकरण लगायतको कार्यमा समस्या परेको हुँदा उक्त मिति अघि विभागमा ट्रेडमार्क दर्ता तथा नवीकरणको लागि निवेदन दिएका सम्पूर्ण दरखास्तवालाले आवश्यक कागजात संलग्न राखी प्रतिलिपि फाईल खडा गरी यो सूचना प्रकाशित भएको मितिले ९० दिनभित्र आवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि मिति २०८२/०८/१५ मा सूचना प्रकाशन गरिएकोमा सेवाग्राहीबाट समय अपुग भएकोले पुन: समय थप गर्नको लागि अनुरोध भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले ९० दिनको समय थप गरी देहाय बमोजिम हुन यो सूचना प्रकाशित गरिएको छ। साथै, थप गरिएको अवधिभित्र निवेदन पेश हुन नआएका वा निवदेन पेश भई कागजातमा पुष्टयाई हुन नसकेका दरखास्तका सम्बन्धमा प्रचलित कानून बमोजिम भई जाने व्यहोरा समेत सम्वन्धित सबैमा सूचित गरिन्छ।

१. यस विभागमा ट्रेडमार्क दर्ताका लागि निवेदन दिएका र कागजात पूरा नभएका दरखास्तवालाहरूको हकमा यो सूचना प्रकाशित भएको मितिले ९० दिनभित्र आवश्यक कागजात संलग्न गरी विभाग समक्ष पुन: निवेदन पेश गर्नुपर्नेछ।

२. यो सूचना प्रकाशित हुनुभन्दा अघि औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशित भई दावी विरोधको उजुरी नपरेका तर प्रमाणपत्र लिन बाँकी रहेको हकमा पेटेन्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ मा व्यवस्था भए बमोजिम नवीकरण गर्ने समय व्यतित भएको भएमा त्यस्ता आवेदनको सम्वन्धमा प्रचलित कानून बमोजिम भई जानेछ।

२०८२/११/१७

शाखा अधिकृत

एक्सचेन्जः ४२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६९, फ्याक्सः ९७७-१-४२६१११२, इमेलः info@doind.gov.np, वेबसाइटः http://www.doind.gov.np
(कृपया पत्राचार गर्दा पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

Government of Nepal

Ministry of Industry, Commerce and Supplies

Department of Industry

Tripureshwor, Kathmandu

L/N. 2082/83

# Re-Notice Regarding Trademarks

Notice Published Date: March 01, 2026

Since the physical files in the Industrial Property Section of the Department of Industry were destroyed due to arson and vandalism on September 09, 2025, causing problems in trademark registration and renewal, etc., all applicants who had applied for trademark registration and renewal to the Department before that date are requested to submit their applications within 90 days from the date of publication of this notice by attaching the necessary documents and making a copy file. The notice was published on December 01, 2025 for the information of all concerned. However, since the service recipient requested an extension of the time due to insufficient time, this notice has been published with an extension of 90 days from the date of publication of this notice. In addition, all concerned are informed about the action to be taken in accordance with the prevailing law regarding applications that are not submitted within the extended period or applications that are not submitted and cannot be confirmed in documents.

1. Applicants who have applied for trademark registration with this department and whose documents are incomplete must re-submit the application to the department, attaching the necessary documents, within 90 days from the date of publication of this notice.

2. In cases where an opposition has not been filed for opposition after being published in the Industrial Property Bulletin before the publication of this notice, but the certificate is yet to be obtained, if the time for renewal as provided in the Patent, Design and Trademark Act, 2022 has elapsed, such applications will be processed in accordance with the prevailing law.

Sd

Section Officer